# .......................... खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान, २०८१ (नमुना)

(लुङ्ग्री गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१ जेठ २२)

**प्रस्तावनाः**

गाउँका आवश्यकताहरु पूरा गर्न गाउँकै मानिसहरु संगठित भई जनसहभागिताबाट स्थानीय विकास निर्माणका कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता रहेको सन्दर्भमा रोल्पा जिल्ला, लुङ्ग्री गाउँपालिका, वडा नं. ...... गाउँवासीका खानेपानी तथा सरसफाईका कार्यक्रम सञ्चालन गर्ने चाहना र आवश्यकतालाई आफ्नै थलोमा बसी कार्यक्रमहरुको छनौट गरी कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, समीक्षा, मूल्याङ्कन, सञ्चालन र मर्मत संभार समेत स्थानीय स्तरमा नै गर्ने सेवामूलक स्वायत्त उपभोक्ता समितिको स्थापना गर्न वाञ्छनीय देखिएकोले गाउँ वासीहरुको तत्परतामा यो विधान तर्जुमा गरी ................................................खानेपानी तथा सरसफाई उपभोक्ता समितिको गठन गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस विधानको नाम "......................... खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान, ..........." हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा प्रयोग भएका शब्दहरुको अर्थ निम्नानुसार हुनेछ ।

२.१ "ऐन" भन्नाले जलस्रोत ऐन २०४९ लाई जनाउँछ ।

२.२ "समूह" भन्नाले यस उपभोक्ता समिति अन्तर्गत कार्यान्वयन भएका खानेपानी र सरसफाई सुविधा बाट लाभान्वित हुने सम्पूर्ण उपभोक्ताहरुको समूहलाई जनाउँछ ।

२.३ "नियम" भन्नाले यस विधान अन्तर्गतको कार्यसमितिले बनाई लागू गरेको नियमलाई जनाउँछ ।

२.४ "समिति" भन्नाले यस विधान अन्तर्गत गठीत उपभोक्ता समिति लाई जनाउँछ ।

२.५ "उपभोक्ता समितिका सदस्य" भन्नाले उपभोक्ता समितिको अध्यक्ष, सचिव, कोषाध्यक्ष र उपभोक्ता समितिका अन्य सदस्यलाई जनाउँछ ।

२.६ "उपभोक्ता समितिका पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई मात्र जनाउँछ ।

२.७ "अध्यक्ष" भन्नाले यस विधान बमोजिम निर्वाचित अध्यक्षलाई जनाउँछ ।

२.८ "उपसमिति" भन्नाले यस विधान अनुसारको उपभोक्ता समिति अन्तर्गत गठित उपसमितिलाई जनाउँछ ।

२.९ "सहयोगी संस्था" भन्नाले यस उपभोक्ता समितिलाई सामाजिक परिचालन र प्राविधिक कार्यमा सहयोग गर्ने गैह्र सरकारी संस्थालाई जनाउँछ ।

२.१० "दातृसंस्था" भन्नाले यस संस्थालाई आर्थिक सहयोग गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी तथा गैह्र सरकारी संस्थाहरुलाई जनाउँछ ।

२.११ "उपभोक्ता" भन्नाले यस विधान अनुसार गठित समितिको योजनाबाट प्राप्त सेवा सुविधा उपभोग गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

२.१२ "क्षेत्र" भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता समितिले उपलब्ध गराउने सेवा सुविधा वा निर्माण गरिने स्थलले ढाक्ने भौगोलिक कार्यक्षेत्र सम्झनु पर्दछ । यस अन्तर्गत रोल्पा जिल्ला, **लुङ्ग्री** गाउँपालिकाको .... नं. वडाका .................................... गाउँहरु पर्दछन् । पाइप प्रणालीद्वारा खानेपानी सुविधा उपलव्ध गराउन रोल्पा जिल्ला, लुङ्ग्री गाउँपालिका, वडा नं. ....... मा रहेका ............ ................ .............. ................. ............ ........................ ............... नामका खानेपानीका मूल वा श्रोतहरु यस समितिको क्षेत्रभित्र पर्दछन् ।

२.१३ "योजना" भन्नाले यस विधान बमोजिम समितिले सञ्चालन गर्ने कार्यक्रमलाई जनाउंछ ।

२.१४ "सेवा शुल्क" भन्नाले यस विधान अनुसार गठित समितिले सञ्चालन गरेको योजनाबाट सेवा उपभोग गरेवापत लाग्ने मासिक/वार्षिक रुपमा उठाउने गरी तोकिएको रकम (नगदी वा जिन्सी वा अन्य) लाई जनाउँछ ।

**३. चिन्ह र छापः** समितिको औपचारिक प्रयोगको निमित्त निम्नानुसारको चिन्ह र छाप हुनेछ ।

३.१ चिन्हको विवरण .............................................

३.२ छापको विवरण .............................................

**४. कार्यालय :** समितिको कार्यालय ................................ मा राखिनेछ ।

## परिच्छेद २
## उद्देश्य

**५. उपभोक्ता समितिको उद्देश्यः** यसको मुख्य उद्देश्यहरु प्रचलित कानूनको परिधिभित्र रही कार्य सञ्चालन गर्ने गरी निम्नानुसार हुनेछ ।

५.१ आफ्नो क्षेत्रमा सञ्चालन हुन लागेको खानेपानी तथा सरसफाई योजनाका उपभोक्ताहरुलाई संगठीत गर्ने ।

५.२ आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई परेको खाँचो पुरा गर्न सो को यकिन गरी कार्यान्वयन गर्ने ।

५.३ आफ्नो क्षेत्रमा सञ्चालन हुने सबै विकास निर्माणका कामका लागि योजनाका सबै उपभोक्ताहरुलाई सहभागी बनाउने ।

५.४ आफ्नो क्षेत्रमा कार्यान्वयन पुरा भएका योजनाको समय समयमा गरिने मर्मत, सम्भार, रेखदेख तथा फाइदा बाँडफाँड व्यवस्था न्यायोचित गरिकाले गर्ने ।

५.५ आफ्नो क्षेत्रमा कार्यान्वयन हुने योजना छनौट, तयारी, कार्यान्वयन आदि कामका लागि चाहिने पूँजी, श्रम र साधनको व्यवस्था गर्ने । यी स्रोतको परिचालनको व्यवस्था समेत गर्ने ।

५.६ समितिको कार्यक्रम र नीति यस विधानको अधिनमा रही समितिले तोके अनुसार हुनेछ ।

## परिच्छेद ३
## खानेपानी तथा सरसफाइ उपभोक्ता समिति

**७. उपभोक्ता समितिको गठन** : उपभोक्ता समितिको गठन गर्दा निम्न प्रक्रियाबाट हुनेछ ।

७.१ उपभोक्ता समितिको गठन आम भेलाबाट गरिनेछ । यस्तो आम भेला आयोजना गर्दा कम्तीमा सात दिन अगाडी सबै उपभोक्ताहरुलाई जानकारी गराइनेछ । भेलाको स्थान र समय सबै (महिला/पुरुष) लाई उपयुक्त हुने किसिमले निर्धारण गरिनेछ ।

७.२ उपभोक्ता समिति गठन गर्दा योजना क्षेत्रका सबै भागबाट समान प्रतिनिधित्व हुनेगरी गरिनेछ ।

७.३ उपभोक्ता समितिमा सबै जातीय समुदायको समान प्रतिनिधित्व रहनेछ ।

७.४ उपभोक्ता समिति गठन गर्न आयोजित आम भेलामा योजनाबाट लाभान्वित हुने घरधुरीबाट कम्तीमा ७५ प्रतिशत घरको प्रतिनिधित्व अनिवार्य गरिएको छ । उपस्थित संख्याको कम्तिमा ५० प्रतिशत महिलाको सहभागिता सुनिश्चित गरिनेछ ।

७.५ उपभोक्ता समितिमा महिलाहरुको समान प्रतिनिधित्व कायम गर्न उपभोक्ता समिति गठन गर्दा महिला र पुरुषको छुट्टाछुट्टै भेला आयोजना गरी कम्तीमा एकजना पदाधिकारी रहने गरी कम्तीमा ५० प्रतिशत महिलाको सहभागिता गराइनेछ ।

७.५ साधारण सभा/आम भेलाबाट उपभोक्ता समिति चयन गर्दा र पुनर्गठन गर्दा समेत उपरोक्त ७.१, ७.२, ७.३ र ७.४ को प्रक्रिया अवलम्बन गरिनेछ ।

**८. उपभोक्ता समितिको बैठकः**

८.१ उपभोक्ता समितिले तोकेको स्थान, मिति र समयमा उपभोक्ता समितिको बैठक बस्नेछ ।

८.२ उपभोक्ता समितिको बैठक हुनु भन्दा ७ दिन अघि सदस्यहरुलाई बैठक हुने मिति, स्थान, समय र प्रस्तावहरु लिखित/मौखिक रुपमा जानकारी दिइनेछ ।

८.३ उपभोक्ता समितिको बैठकको गणपुरक संख्या ५० प्रतिशत कायम गरिएको छ । गणपुरक संख्या नपुगेको अवस्थामा दोश्रो पटक जम्मा सदस्य संख्याको ५० प्रतिशतलाई गणपुरक संख्या मानिनेछ ।

**९. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार तल उल्लेख गरे अनुसार हुनेछ ।**

**९.१ योजना चरणः**

९.१.१ उपभोक्ता भेलाको आयोजना गर्ने,

९.१.२ आवश्यकताको पहिचान एवं प्राथमिकीकरण गरी सम्बन्धित निकायमा जानकारी गराउने,

९.१.३ सम्भाव्यता अध्ययन गर्न आउने टोलीलाई सहयोग गर्ने,

९.१.४ नगद तथा श्रम लगानी सम्बन्धमा उपभोक्ताहरुसंग छलफल गरी निधो गर्ने,

९.१.५ गाउँपालिकासँग परामर्श गर्ने,

९.१.६ आवश्यकताहरुको प्राथमिकता निर्धारण गर्ने ।

**९.२ तयारी चरणः**

९.२.१ उपभोक्ता भेलाको आयोजना गर्ने,

९.२.२ उपभोक्तालाई योजनाको बारेमा जानकारी गराउने,

९.२.३ समुदायको नक्सा वनाउने तथा आधारभूत तथ्यांक संकलन गर्ने,

९.२.४ योजनाको रेखांकन गर्न उपभोक्ता भेलाको आयोजना गर्ने,

९.२.५ उपभोक्ताहरुबाट नगद संकलन गर्ने,

९.२.६ उपभोक्ता समितिको बैंक खाता खोल्ने,

९.२.७ तालिम तथा गोष्ठीहरुमा भाग लिने,

९.२.८ सामुदायिक कार्ययोजना बनाउने,

९.२.९ योजनाको लागत अनुमान, सामुदायिक कार्ययोजना र योजनाको रेखांकनलाई उपभोक्ता भेलाबाट पारित गराई सम्बन्धित निकायमा पठाउने ।

९.२.१० योजनाको नियमित संञ्चालन एवं मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यकर्ताको छनौट गरी सम्बन्धित निकायमा जानकारी गराउने । यसरी मर्मत सम्भार कार्यकर्ताको छनौट गर्दा महिला तथा पिछडिएको वर्गलाई प्राथमिकता दिने ।

९.२.११ उपभोक्ताहरुको आम भेला बोलाइ एक जना संयोजक, २ जना सदस्य भएको ३ जनाको खरिद समिति तथा कम्तीमा २ जना महिलाको प्रतिनिधित्व हुने गरी एक जना संयोजक, ४ जना सदस्य भएको ५ जनाको अनुगमन समिति गठन गर्ने ।

९.२.१२ कार्यान्वयन चरणको सम्झौता गर्ने ।

**९.३ कार्यान्वयन चरणः**

९.३.१ योजनाको लागत, कार्यान्वयन चरणको सम्झौता र सामुदायिक कार्ययोजना लगायतका विषयमा छलफल गर्न निर्माण पूर्वको गोष्ठी आयोजना गर्ने,

९.३.२ स्थानीय सामग्री संकलन गर्ने/गराउने,

९.३.३ खरिद समितिले आवश्यक प्रक्रिया पुऱ्याइ निर्माण सामग्री खरीद गर्ने,

९.३.४ सम्पूर्ण सामग्रीहरुको उचित भण्डार व्यवस्था गर्ने, दक्ष तथा अर्धदक्ष कामदार परिचालन गर्ने,

९.३.५ योजनाका विभिन्न कार्यमा जनश्रम परिचालन गर्ने,

९.३.६ योजनाको आय व्यय र प्रगति समीक्षा गर्ने र योजना अवधिमा कम्तीमा तीनपटक आम भेलाको आयोजना गरी आय व्यय विवरण पारित गराउने,

९.३.७ योजनाको निर्माण सम्पन्न भएपछि सबै उपभोक्ताहरुको भेला आयोजना गरी आय व्यय विवरण पारित गराउने र सो सार्वजनिक परीक्षणको प्रतिवेदन एवं कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने,

९.३.८ उपभोक्ता समितिको नगदी र जिन्सीको आय व्यय विवरण पारदर्शीरुपमा राख्ने ।

**९.४ निर्माण पश्चातको चरणः**

९.४.१ उपभोक्ता समितिको नियमित बैठक वस्ने,

९.४.१ योजनाको नियमित सञ्चालन र मर्मत सम्भारको लागि पानी शुल्क तोक्ने, मर्मत सम्भार कार्यकर्ताको पारिश्रमिक निर्धारण गर्ने,

९.४.१ तोकिएको शुल्क नियमित रुपमा उठाउने,

९.४.१ योजनामा समय समयमा आईपर्ने मर्मत सम्भारका कार्यहरु गर्ने,

९.४.१ अत्यावश्यक जगेडा पार्टपुर्जाहरु अग्रिम रुपमा खरिद गरी राख्ने,

९.४.१ योजना सञ्चालन तथा मर्मत सम्भार कोषको परिचालन गर्न नियम बनाई कार्यान्वयन गर्ने,

९.४.१ स्वास्थ्य र सरसफाई कार्यक्रमलाई निरन्तर रुपमा लागू गर्ने,

९.४.१ योजनाको अवस्थाको बारेमा नियमित रुपमा अनुगमन गरी सो को प्रतिवेदन गाउँपालिका पठाउने

९.४.१ निर्माण पश्चातको चरणमा वर्षको कम्तिमा एकपटक उपभोक्ता भेलाको आयोजना गरी आय व्यय विवरण पारित गराउने,

९.४.१ हरेक वर्ष लेखा परीक्षण गराई उपभोक्ता समितिले प्रतिवेदन जिल्ला जलस्रोत समिति र गाउँपालिका पेश गर्ने

९.४.१ योजनामा उपभोक्ता समितिको क्षमता भन्दा वाहिरको परिस्थिति श्रृजना भै मर्मत सम्भार गर्न नसकिने भएमा यथासक्य चाँडो गाउँपालिकामा जानकारी गराउने र समस्या समाधानका लागि पहल गर्ने ।

९.४.१ सुविधा विस्तार गर्न आवश्यक भएमा गाउँपालिकाको खा.पा.स.टे.सँग परामर्श लिई आवश्यक कार्य गर्ने/गराउने

## परिच्छेद ४
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१०. अध्यक्षको काम, कर्तव्य र अधिकारः**

१०.१ समितिले सुम्पेको सम्पूर्ण काम, कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने ।

१०.२ समितिको बैठकको अध्यक्षता गर्नुका साथै तोकिएको अवस्थामा मात्र निर्णायक मत दिने ।

१०.३ समितिलाई सक्रिय नेतृत्व प्रदान गरी समितिको उद्देश्य पुरा हुने कुराहरुमा सम्पर्क बढाउने र साधन जुटाउन सघाउने ।

१०.४ समितिको दैनिक कार्य सञ्चालनको निमित्त निर्देशन दिने र आकस्मिक अवस्थामा निर्णय लिने ।

१०.५ समितिको बैठक आवश्यकता अनुसार बोलाउने ।

१०.६ बैठकका लागि छलफल गर्ने विषयहरु तयार गर्ने ।
१०.७ समितिले गरेका निर्णयहरु कार्यान्वयन गराउने ।
१०.८ सरकारी र गैह्र सरकारी निकायसँग सम्बन्ध राखी श्रोतको व्यवस्था गर्ने ।
१०.९ उपभोक्ताहरुको योजना सम्बन्धी कामका लागि सहभागिता जुटाउने ।
१०.१० योजनाको चल अचल सम्पत्ति हेरविचार गर्ने गराउने ।
१०.११ आफू अनुपस्थित भएमा आफ्नो कार्यभार उपाध्यक्ष वा कुनै सदस्यलाई दिने ।

## ११. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

११.१ अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने ।
११.२ समितिको नियमावली र कार्य पद्धतिमा उल्लेखित उद्देश्य हासिल हुने काम गर्ने ।
११.३ समितिले तोकेको अन्य काम गर्ने ।

## १२. सचिवको काम, कर्तव्य र अधिकारः

१२.१ समितिको कार्यक्रम र काम कार्यवाहीलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न कार्यालय व्यवस्थापनको काम गर्ने ।
१२.२ समिति र समितिको बैठकको लागि आवश्यक व्यवस्था मिलाउने ।
१२.३ समिति र समितिको निर्णय बैठक पुस्तिकामा लेख्ने ।
१२.४ प्रत्येक बैठकको निर्णय सबै सदस्यहरुलाई जानकारी गराउने ।
१२.५ योजनाको कार्यान्वयन सम्बन्धमा राख्नुपर्ने सबै श्रेस्ताहरु राख्ने र सोको जानकारी बैठकमा पेश गर्ने ।
१२.६ आफ्नो उपक्षेत्रका उपभोक्ताको योजना सम्बन्धी सहभागिता जुटाउने ।
१२.७ समितिले तोकेको अन्य काम गर्ने ।

## १३. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

१३.१ योजनाको आर्थिक कारोवारको रेखदेख र नियन्त्रण गर्ने ।
१३.२ आन्दानी, खर्च र बजेट समितिमा पेश गरी पारित गराउने ।
१३.३ समितिले असुल गर्नुपर्ने शुल्कहरु असुल गर्ने र भुक्तानी लिनु दिनु पर्ने हिसाब मिलाउने ।
१३.४ लेखा परीक्षण गराउने ।
१३.५ योजनाका लागि चाहिने श्रम, सीप, पूँजी र साधनहरु प्राप्त भएको श्रम, सीप, पूँजी र सामग्री जस्तैः उपभोक्ताहरु, दातृसंस्था आदिको श्रेस्ता ठिक ठिक तरिकाले राख्ने ।
१३.६ प्राप्त भएको श्रम, सीप, पूँजी र सामग्री कुन कामका लागि प्रयोग भयो र कति बाँकी छ भन्ने हिसाब राख्ने ।
१३.७ योजनालाई प्राप्त श्रम, सीप, पूँजी र सामग्रीको जिम्मा लिने र यसको प्रयोगको उपभोक्ता समितिबाट फरफारक लिने ।
१३.८ आफ्नो उपक्षेत्रका उपभोक्ताको योजना सम्बन्धी जुनसुकै कामका लागि सहभागिता जुटाउने ।
१३.९ समितिले तोकेको अन्य काम गर्ने ।

## १४. सदस्यहरुको काम, कर्तव्य र अधिकारः

१४.१ योजना कार्यान्वयन स्थितिको निरीक्षण गर्ने ।

१४.२ योजनाको कार्यान्वयन र सुचारु रुपले सञ्चालन गर्न चाहिने श्रम, सीप, पूँजी र सामग्रीको मात्रा निधो गर्ने ।

१४.३ आवश्यकता अनुसार र आफ्नो उपक्षेत्रका उपभोक्ताहरुको सहभागिता जुटाउने ।

१४.४ योजनाको स्थिति आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई अवगत गराउने ।

१४.५ समितिले तोकेको अन्य काम गर्ने ।

## परिच्छेद ५
## आर्थिक व्यवस्था

**१५. आर्थिक श्रोतः**

१५.१ सम्झौता अन्तर्गतका संस्थाहरुबाट प्राप्त हुने रकम र अनुदान ।

१५.२ उपभोक्ताहरुबाट योजनाको सेवा सुविधा उपभोग गरेवापत प्राप्त रकम, सेवा शुल्क र अनुदान ।

१५.३ सरकारी, गैह्र सरकारी संस्था एवं स्थानीय सहयोगीसंस्थाबाट प्राप्त हुने अनुदान सहयोग र भौतिक साधन ।

१५.४ जनसहभागिताबाट प्राप्त हुने श्रम, पूँजी र सामग्रीहरु ।

१५.५ अन्य श्रोतबाट प्राप्त हुने उपहार एवं सहयोगहरु ।

**१६. चल अचल सम्पत्ति सम्बन्धी व्यवस्थाः** समिति अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ । यसले प्रचलित कानूनको अधिनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र बेचबिखन गर्न सक्नेछ । यसले आफ्नो नामबाट नालिस उजुर गर्न सक्ने र यस उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्ने छ ।

**१७. कोष व्यवस्थाः**

१७.१ समितिको आफ्नै छुट्टै कोष हुनेछ । समितिको सम्पूर्ण खर्च यसै कोषबाट गरिनेछ ।

१७.२ बैङ्क खाता सञ्चालन समितिको बैठकले तोकेका कम्तिमा २ जना समिति (कम्तिमा १ जना महिला सहित) का पदाधिकारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

१७.३ समितिले निर्धारण गरेको कार्यनीति अनुसार कोषाध्यक्षको रेखदेख र सुपरिवेक्षणमा कोषको उपयोग गरिने छ ।

१७.४ समय समयमा समितिले कोषको उचित उपयोग भए नभएको जाँच गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

१७.५ कोष परिचालन, लेखा प्रणाली, लेखा परिक्षण र कोष सम्बन्धी अन्य प्रक्रियाहरु यस विधान एवं समितिबाट निर्धारित नियम र प्रचलित कानून अनुसार हुनेछ ।

**१८. श्रम, सीप, पूँजी र सामग्री व्यवस्थापन प्रक्रियाः** उपभोक्ता समितिले गर्ने कामका लागि चाहिने श्रम, सीप, पूँजी र सामग्री उपभोक्ताहरु र सहयोगी संस्थाबाट व्यवस्था गरिने छ । योजनाका लागि चाहिने श्रम गाउँ घरकै उपभोक्ताहरुलाई काम गराई व्यवस्था गरिने छ । उपभोक्ताहरुबाट व्यवस्था हुन नसक्ने श्रम, सीप, पूँजी र सामग्री मात्र सहयोगी संस्थाबाट व्यवस्था गरिने छ ।

१९. **योजना कार्यान्वयनका लागि चाहिने श्रम, सीप, पूँजी र सामग्री व्यवस्थापनः** योजना कार्यान्वयनका लागि आवश्यक श्रम, सीप, सामग्री र पूँजी चाहिने मात्रा र उपभोक्ताहरुको संख्या हेरी गरिने छ । यो व्यवस्था गर्दा योजनाबाट पाइने सेवा उपभोक्ताहरुले उपयोग गर्ने मात्रालाई पनि ख्याल गरिने छ ।

२०. **योजना मर्मत संभारका लागि चाहिने श्रम, सीप, पूँजी र सामग्री व्यवस्थापनः** योजना मर्मत संभारका लागि चाहिने सबै श्रम, सीप, पूँजी र सामग्री उपभोक्ताबाट उठाइने छ वा सेवा शुल्क उठाई एउटा कोष खडा गरिनेछ । सहभागिता वा सेवा शुल्क कति गर्ने भन्ने निर्णय उपभोक्ता समिति वा समितिको निर्णयले पारित गरे बमोजिम हुनेछ । श्रम, सीप, पूँजी र सामग्री व्यवस्थापन सम्बन्धी श्रेस्ता राखिनेछ । जनश्रम गर्न नसक्ने उपभोक्ताहरुबाट श्रम बराबरको सेवा नगदमा उठाइने छ ।

२१. **लेखापरीक्षण सम्बन्धी व्यवस्थाः**

२१.१ योजनाको काम संचालनको क्रममा एवं योजना सम्पन्न हुनासाथ उपभोक्ताहरुको आम भेलाबाट योजनाको सार्वजनिक परीक्षण गराइनेछ ।

२१.२ उपभोक्ताहरुको आम भेलाले नियुक्त गरेको लेखा परिक्षकबाट योजना फरफारक भएको आर्थिक वर्षको अन्तमा लेखा परीक्षण गराइने छ ।

२१.३ आर्थिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन वार्षिक आम भेला र सम्बन्धित निकाय समक्ष पेश गरिने छ ।

## परिच्छेद ६
## विविध

२३. **निर्वाचन सम्बन्धी व्यवस्थाः** उपभोक्ताले आफूमध्येबाट उपभोक्ता समितिका सदस्यहरुको निर्वाचन गर्नेछन् ।

२४. **उम्मेदवारको अयोग्यताः** देहायको कुनै व्यक्ति उपभोक्ता समितिको सदस्यको लागि निर्वाचित वा मनोनित हुन वा सो पदमा बहाल रहन सक्नेछैन ।

२४.१ १८ वर्ष उमेर नपुगेको ।

२४.२ मगज बिग्रेको भनी स्वीकृत चिकित्सकले निस्सा गरी दिएको ।

२४.३ नैतिक पतनको अभियोगमा अदालतबाट सजाय पाएको ।

२४.४ समितिको हित विपरित काम कारवाही गरेको प्रमाणित भएको ।

२४.५ कुनै पनि योजनाको रकम हिनामिना वा दुरुपयोग गरेको भनी प्रमाणित भएको ।

२४.६ जि.स.स, गाउँपालिका वा सरकारी कार्यालय वा विद्यालयको वहालवाला पदाधिकारी वा कर्मचारी ।

२४.७ कुनै राजनैतिक दल वा भातृसंगठनको पदाधिकारी ।

२५. **अविश्वासको प्रस्तावः** समितिको कुनै सदस्य उपर समितिमा अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछ । यस्तो परिस्थितिमा जम्मा सदस्य संख्याको दुई तिहाई बहुमतद्वारा त्यस्तो प्रस्ताव पारित गरेमा निजको सदस्यता समाप्त हुनेछ ।

२६. **विधान संशोधनः** विधान संशोधन गर्न आवश्यक पर्न आएमा सो कुरा उपभोक्ता भेलामा पेश गरी सो भेलाको उपस्थितिहरुको दुई तिहाई बहुमतले पारित गरेमा सम्बन्धित निकायबाट स्वीकृति लिई संशोधित विधान लागू गरिनेछ । यस्तो भेलाको उपस्थिति उपभोक्ता घरधुरीको कम्तिमा ७५ प्रतिशत अनिवार्य हुनुपर्नेछ ।

२७. **नियमहरु बनाउने**ः समितिको विधानमा उल्लेखित उद्देश्य प्राप्ति गर्न समितिले नियमहरुको कार्यविधि बनाई लागू गर्न सक्ने छ ।

२८. **समितिको प्रगति प्रतिवेदन तथा अन्यः** समितिको प्रगति प्रतिवेदनहरु सम्बन्धित गाउँपालिका/नगरपालिका मा कम्तिमा वर्षको एकपटक पेश गरिनेछ ।

२९. **समितिको उद्देश्य र कार्यक्रम सम्बन्धी अन्य कुराहरुः**

२९.१ समितिको सिफारिसमा गाउँपालिका/नगरपालिका वा दातृसंस्था समेत समाजका विशिष्ट व्यक्तित्व भएको सल्लाहकार समिति गठन गर्न सकिने छ ।

२९.२ सल्लाहकार समितिले उपभोक्ता समितिलाई विकास कार्य सञ्चालन, नीति निर्धारण गर्ने कुरामा सल्लाह दिनेछ ।

२९.३ समितिको उद्देश्यमा थपघट गर्नुपरेमा समितिका सदस्यको निर्णयबाट पारित प्रस्ताव अनुसार सम्बन्धित निकायबाट स्वीकृति लिई कार्यान्वयनमा ल्याइनेछ ।

३०. **विधानमा उल्लेखित कुरा बाझिएमा बदर हुनेः** यस विधानमा लेखिएका कुराहरु प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

३१. **दण्ड र जरिवाना सम्बन्धी व्यवस्थाः** उपभोक्ता समिति र समितिका सदस्यहरुमा अनुशासन कायम गर्न तल लेखिए अनुसार दण्ड सजाय गरिने व्यवस्था गरिएको छ ।

३१.१ उपभोक्ता समिति वा समितिको बैठकमा विना जानकारी वा उचित कारण विना अनुपस्थित उपभोक्ता समितिका सदस्यहरुलाई समितिले जरिवाना गर्नसक्नेछ । यदि यस्तो गल्ति पटक पटक दोहोऱ्याएरमा निजलाई दण्ड सजाय समेत गर्न सक्नेछ । जरिवाना के कस्तो गर्ने भन्ने निर्णय समितिले पारित गरे बमोजिम हुनेछ ।

३१.२ उपभोक्ताहरुले उपभोक्ता समितिको बैठकले निधो गरे अनुसारको जनसहभागिता नजुटाएमा पनि दण्ड जरिवाना गर्न सक्नेछ । पटक पटक सहभागिता नजुटाएमा बढी जरिवाना गर्न सक्नेछ । यस्तो जरिवाना समितिले पारित गरे बमोजिम हुनेछ ।

३१.३ यदि योजनाको कसैले हानी नोक्सानी गरेमा समितिको बैठकबाट नोक्सान गरे बराबर वा बैठकको निधो अनुसार क्षतिपूर्ति भराईने छ ।

३२. **खर्च फरफारक गर्नेः** योजनाको निर्माण कार्य सम्पन्न भएपछि योजनासँग सम्बन्धित सबै आम्दानी खर्चहरु फरफारक गर्नु पर्नेछ ।

३३. **आम भेला/साधारण सभा :** प्रत्येक वर्ष समितिको आर्थिक, प्रशासनिक, लेखा परीक्षण प्रतिवेदन र कार्य नीति सहितको वार्षिक प्रगति र लक्ष राख वार्षिक आम भेला गरिनेछ । उपभोक्ता समितिको

कार्यावधि.३  वर्षको हुनेछ । अवधि समाप्त हुनु अगावै साधारण सभा/आम भेला गरी यसै विधानको दफा ७ को उपदफा ५ बमोजिम उपभोक्ता समिति निर्वाचन वा सर्व सहमतिबाट चयन गरिनेछ ।

**३४**. उपभोक्ता भेलाले उपभोक्ता समितिका पदाधिकारीहरुको काम कारवाही उपभोक्ताहरुको हित विपरित भएको पाएमा सो समिति खारेज गरी नयाँ पुनर्गठन गर्न सक्नेछ ।

**३५**. उपभोक्ता समितिले नेपाल सरकार वा अन्य गैह्र सरकारी निकायसँग योजना सञ्चालन तथा कार्यान्वयन सम्बन्धमा सम्झौता गर्न सक्नेछ ।

**३६**. उपभोक्ता भन्दा बाहिरका व्यक्तिहरु वा समुदायले योजनाबाट पाइने फाइदाहरु लिन चाहेमा सेवा शुल्क वा अन्य शर्तहरु कायम गरी त्यस्ता इच्छुक व्यक्ति वा समुदायलाई बैठकको निर्णयअनुसार फाइदा उपभोग गर्न दिन सक्नेछ ।

**३७**. योजनासँग सम्बन्धित काम कार्यबाहीमा गाउँपालिका वा दातृसंस्था वा सामूहिक पूँजी, श्रम, सामग्री आदि प्रयोग हुन्छ भने गाउँपालिका प्रतिनिधिलाई अनिवार्य रुपमा समितिको बैठकमा सहभागी गराइनेछ ।